# वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको

## सूचना

२०८१/०७/२५

**विषयः- मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने सम्बन्धमा ।**

यस न्यायाधिकरणमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचीकृत गराउन चाहने मेलमिलाप सम्बन्धी तालीम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप परिषद्बाट स्वीकृती प्राप्त गरेको मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले यो सूचना प्रकाशन भएको मितिले १० दश दिनभित्र देहायमा उल्लेखित कागजातहरु सहित तोकिएको ढाँचामा निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

निवेदन फाराम यस न्यायाधिकरणको प्रशासन शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

**देहायः-**

१. मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
४. मेलमिलाप सम्बन्धी तालीमको प्रमाणपत्रको प्रतिलिपि,
५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा परिषद्बाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपी,
६. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी,
७. व्यक्ति भए मेलमिलापकर्ताको पासवोर्ट साइजको फोटो ।

२०८१/०७/२५
सुशिला पाण्डे
(शाखा अधिकृत)